## बैठक संख्या १८

आज मिति २०८२/०२/२३ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितीमा बसी देहाय बमोजिम निर्णय पारित गरियो ।

उपस्थिती

| क.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २. | श्री शान्ती नाथ | सदस्य | |
| ३. | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ४. | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५. | श्री दुर्गा प्रशाद चौधरी | सदस्य | |
| ६. | श्री विर बहादुर खडका | सदस्य | |
| ७. | श्री ईन्द्र बहादुर खडका | सदस्य | |
| ८. | श्री गौरी देवी पाध्या | सदस्य | |
| ९. | श्री हर्कमती पाध्या | सदस्य | |
| १० | श्री तारा देवी गिरी | सदस्य | |
| ११. | श्री बसन्ती देवी सुनार | सदस्य | |
| १२. | श्री चेतराम माली | सदस्य | |
| १३. | श्री मीना सुनार | सदस्य | |
| १४. | श्री विर बहादुर ऐर | सदस्य सचिव | |

CamScanner

बैठक संख्या १८/२०८१/०८२ मिति २०८२/०२/२३ गते

**प्रस्ताव नं.१:-अघिल्लो बैठकको समिक्षा तथा निर्णय कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं.१:-**प्रस्ताव नं. १ माथि छलफल हुँदा मिति २०८२/०१/२५ गते बसेको १७ औं गाउँ कार्यपालिका बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो । साथै, उक्त बैठकमा भए गरेका निर्णयहरु कार्यान्वयनमा जोड दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.२:- डाउन साईज भएका विद्यालयका शिक्षकको व्यवस्थापन गर्ने सम्बन्धमा ।**

**निर्णय नं.२:-**प्रस्ताव नं. २ माथि छलफल हुँदा मिति २०८२/०१/२५ गते बसेको १७ औं गाउँ कार्यपालिका बैठकको निर्णय नं. ३ बमोजिम डाउन साईज भएका देहायका विद्यालयमा अध्यापनरत आधारभूत तह (६-८) मा शिक्षण सहयोग अनुदान शिक्षकको देहाय बमोजिम व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क.सं. | शिक्षक/शिक्षिकाको नाम | तह | विषय | हाल कार्यरत विद्यालय | व्यवस्थापन हुने विद्यालयको नाम | कै. |
|---|---|---|---|---|---|---|
| १. | श्री दिर्घराज ओझा | आधारभूत (६-८) | गणित | श्री शैलेश्वरी आ.वि. बेलडाँडी२, ढकनिया, कंचनपुर । | श्री सिंहपाल आ.वि. बेलडाँडी २, कंचनपुर । | |
| २. | श्री बिरेन्द्र बिष्ट | आधारभूत (६-८) | गणित | श्री राधाकृष्ण जनप्रिय आ.वि. बेलडाँडी ३, कंचनपुर । | श्री सिद्धनाथ मा.वि. खैरिघाट बेलडाँडी, ३ कंचनपुर । | |
| ३. | श्री लीला पाठक | आधारभूत (६-८) | अंग्रेजी | श्री सिद्धनाथ आ.वि. बेलडाँडी १, कंचनपुर । | श्री गणेश मा.वि. भूर्षा, बेलडाँडी ५, कंचनपुर । | |

**प्रस्ताव नं.३:- जग्गाको न्यूनतम मूल्याङ्कन सम्बन्धमा ।**

**निर्णय नं.३:-**प्रस्ताव नं. ३ माथि छलफल हुँदा मालपोत कार्यालय, बेलौरी, कंचनपुरको प.सं.२०८१/०८२ च.नं. १०२७ मिति: २०८२/०२/०६ गतेको प्राप्त पत्रानुसार मालपोत ऐन, २०३४ को दफा(२) एवं मालपोत नियमावली,२०३६ को नियम ५ (ख) १ बमोजिम आगामी आ.व. २०८२/०८३ को लागि रजिष्ट्रेशन प्रयोजनार्थ जग्गाको न्यूनतम मूल्य निर्धारण गर्न यस गाउँपालिका (साविक बेलडाँडी गा.वि.स. र साविक रैतेली विचवा गा.वि.स.) क्षेत्रभित्रको पक्कि बाटोले छोएको, हुलाकी राजमार्गको पक्कि वा ग्राभेल सडकसंग जोडिएको जग्गा, ग्राभेल बाटोले छोएको, कच्चि बाटोले छोएको र खेतियोग्य जग्गा गरि सबै प्रकारका जग्गाको न्यूनतम मूल्याङ्कनको लागि माग भई आएकोले आ.व.२०८१/०८२ को लागि कायम भएको मूल्यलाई नै यथावत कायम राख्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.४:- डिस्पोजल मसिन खरिद गर्न कारवाही प्रक्रिया अगाडी बढाउने सम्बन्धमा ।**

**निर्णय नं.४:-**प्रस्ताव नं. ४ माथि छलफल हुँदा शिक्षा शाखाको चालु आ.व. को बजेट सेनिटरी प्याड खरिद शिर्षकबाट बचत हुन गएको रकमबाट सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिम देहायको सेनिटरी प्याड डिस्पोजल मसिन खरिद गर्न कारवाही प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

NAPKIN INCINERATOR WITH SMOKE CONTROL UNIT
Burning Capacity 200 Pads Per day, 1400 Watt, 220-230 Voltage
8-12 pads per cycle

**प्रस्ताव नं.५:- आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

**निर्णय नं.५:-**प्रस्ताव नं. ५ माथि छलफल हुँदा देहायका व्यक्तिलाई देहायको शिर्षकबाट देहाय बमोजिमको रकम आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क.सं. | नाम थर | ठेगाना | खर्च शिर्षक | रकम रु. | कै. |
|---|---|---|---|---|---|
| १. | चनरे टमाटा | बेलडाँडी ३ | सामाजिक सुरक्षा तथा आर्थिक सहयोग | ४०००० | |
| २. | मान बहादुर बुढा | बेलडाँडी ४ | सामाजिक सुरक्षा तथा आर्थिक सहयोग | २५००० | |
| ३. | यज्ञ खडका | बेलडाँडी २ | सामाजिक सुरक्षा तथा आर्थिक सहयोग | २५००० | |
| ४. | गंगा बिष्ट | बेलडाँडी ३ | सामाजिक सुरक्षा तथा आर्थिक सहयोग | २५००० | |

**प्रस्ताव नं.६:- ३ नं. वडाको वडा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।**

**निर्णय नं.६:-**प्रस्ताव नं. ६ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिका ३ नं. वडा कार्यालयको वडा समितिले वडाको विविध खर्च शिर्षकबाट वडा नं. ३ मा भएको भेट्रान भलिवल प्रतियोगिता कार्यक्रमा रु.१०हजार रकम भुक्तानी दिने भनि गरेको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.७:- बेलडाँडी गाउँपालिकाको तहगत क्षेत्र विभाजन सम्बन्धमा ।**

**निर्णय नं.७:-**प्रस्ताव नं. ७ माथि छलफल हुँदा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीको लगत संकलन सम्वन्धि कार्यविधि, २०८१ को दफा ६ मा भएको व्यवस्था बमोजिम स्थानिय तहको अनौपचारिक भू-सम्वन्धको वस्तुस्थिती तथा परिवेश आँकलन गर्ने तथा उपदफा २ बमोजिम स्थानिय तहले आयोगसंगको समन्वयमा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीले वसोवास वा आवाद कमोत गरेका वस्तीहरुको विवरण अनुसार बेलडाँडी गाउँपालिका गाउँ कार्यपालिकाले वस्तीको तपशिल बमोजिमको तहगत क्षेत्र निर्धारण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपशिल:-

**१. शहरी क्षेत्र**

राष्ट्रिय शहरी नीति ,२०६४ र शहरी विकास रयानीति, २०७३ बमोजिमको आधार बेलडाँडी गाउंपालिकामा शहरी क्षेत्र नभएको ।

**२. शहरोन्मुख क्षेत्र**

राष्ट्रिय शहरी नीति ,२०६४ र शहरी विकास रयानीति, २०७३ बमोजिमको आधार बेलडाँडी गाउँपालिकामा शहरी क्षेत्र नभएको ।

**३. गाउँपालिकाको केन्द्र**

गाउँपालिकाको नाममा फिल्डबुक कायम रहेको सिट नं. ०२६-०४६३ कित्ता नं. १२० साविक वडा नं. ८ मा रहेको ।

**४. ग्रामिण**

गाउँपालिकाको केन्द्र बाहेकको अन्य सबै क्षेत्र ।

चिर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं.८:- रकम बाँडफाँड/विनियोजन गर्ने सम्बन्धमा ।**

**निर्णय नं.८:-**प्रस्ताव नं. ८ माथि छलफल हुँदा चालु आ.व.को वार्षिक बजेटमा राजश्व बाँडफाँडबाट स्वास्थ्य संस्था मर्मत सम्भार शिर्षकमा विनियोजित रकम रु.३ लाख २० हजारबाट देहायका स्वास्थ्य संस्था लागत ईष्टिमेट बमोजिम मर्मत गर्नको लागि देहायको रकम बाँडफाँड/विनियोजन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहायः-

१. प्राथमिक स्वास्थ्य सेवा केन्द्र बेलडाँडी २ रु. १०००००/-

२. रौतेलि विचवा स्वास्थ्य चौकी बेलडाँडी ५ रु. १०००००/-

३. आधारभूत स्वास्थ्य सेवा केन्द्र, बेलडाँडी, ३ रु. १०००००/-

४. आँखा उपचार केन्द्र, बेलडाँडी २ रु. २००००/-

**प्रस्ताव नं.९:- रोजगार रणनीति अनुमोदन गर्ने सम्बन्धमा ।**

**निर्णय नं.९-**प्रस्ताव नं. ९ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिकाको स्थानिय निर्देशक समितिको निर्णय अनुसार गठित स्थानिय तहको रोजगार रणनीति मस्यौदा लेखन समितिले तयार पारेको रोजगार रणनीति मस्यौंदालाई बेलडाँडी गाउँपालिकाको अधिकार क्षेत्रभित्र कार्यान्वयनमा ल्याउने गरि रोजगार रणनीति अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.१०:- रकम विनियोजन गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१०-**प्रस्ताव नं. १० माथि छलफल हुँदा गाउँ कार्यपालिकाको मिति २०८१/१२/२६ गतेको निर्णय नं. १२ मा भएको निर्णय कार्यान्वयन गर्न वडा नं. १ अन्तर्गत हुलाकी सडक जित बहादुर चन्दको घरदेखि पुन्ना पार्कीको पसल हुँदै निर्माणाधिन वडा कार्यालयको भवन हुँदै विरेन्द्र कठायतको घर हुँदै सिद्धचोकसम्म सडक कालोपत्रे योजनाको टेण्डरबाट बचेको रकमबाट सोही सडक स्तरोन्नतीमा लाग्ने रु. १०लाख मात्र रकम विनियोजन गरि कार्य गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.११- प्रस्ताव नं.६:- योजना तथा कार्यक्रम परिवर्तन गरि कार्य गर्ने सम्बन्धमा ।**

**निर्णय नं.११:-**प्रस्ताव नं. ११ माथि छलफल हुँदा देहायका योजना तथा कार्यक्रम परिवर्तन गरि कार्य गर्नको लागि अनुरोध भई वडा समितिले गरेको उक्त निर्णय अनुमोदन गर्दै उक्त योजना तथा कार्यक्रम परिवर्तन गरि कार्य गर्ने गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहायः-

| क. सं. | स्विकृत योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रु. | परिवर्तित योजना तथा कार्यक्रमको नाम | रकम रु. | कै. |
|---|---|---|---|---|---|
| १. | वडा नं. १ वडा स्तरीय कार्यक्रम खर्च | १००००० | १. स्थानिय कला, संस्कृती जगेर्नाको लागि पोषाक वितरण कार्यक्रम । | ५०००० | |
| | | | २.कार्यक्रम खर्च (योजना तर्जुमा, वडा भेला तथा अन्य वडा कार्यालयका विविध कार्यक्रम खर्च । | ५०००० | |
| २. | वडा नं. १ वडा अन्तर्गत विद्युत व्यवस्थापन | १००००० | वडा अन्तर्गतका सडक बत्ति मर्मत तथा जडानका लागि सामाग्री खरिद योजना , | १००००० | |
| ३. | दलित प्रोत्साहन मागको आधारमा कार्यक्रम | | सामुदायिक विद्यालयमा अध्ययनरत दलित समुदाय परिवारका गरिब तथा जेहेन्दार बालबालिकाहरुलाई झोला तथा शैक्षिक सामाग्री सहयोग कार्यक्रम । | | |

चिर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं.१२- कार्य सम्पादन जमानत रकम जफत गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१२-**प्रस्ताव नं. १२ माथि छलफल हुँदा यस कार्यालयको आ.व. २०७९/०८० को योजना बैरिघाटदेखि बेलडाँडी बजारसम्म सडक RCC गर्ने कार्य (BRM/2079/080 Works/NCB-05) को मिति २०७९/१२/०२ गते श्री ईम्पेरियल महतो चेतना जे.भि. जनकपुरसंग सम्झौता भई २०८०/०३/१० सम्म कार्य सम्पन्न गर्नु पर्नेमा म्याद सकिन्जेलसम्म कार्य सन्तोषजनक रुपमा संचालन नगरेकाले मिति २०८०/०४/१७ को गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार पूर्वनिर्धारित क्षतिपूर्ति लिई कार्य गराउने निर्णय भए बमोजिम अधिकतम २०० दिनसम्म कार्य सम्पन्न गर्नु पर्नेमा उक्त अवधिसम्म कार्य सम्पन्न हुन नसकेको र कार्य सम्पन्न गर्न सम्झौता रकम बमोजिम यस कार्यालयबाट बजेट पनि विनियोजन नभएकोले उक्त ठेक्काको हालसम्म भए गरेको कार्यको मूल्याङ्कन गरि, कार्य स्विकार गरि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ क बमोजिम अधिकतम २०० दिनको क्षतिपूर्ति लिई बाँकी कार्य गर्न बजेट पनि अपुग भएको तथा निज निर्माण व्यवसायीबाट पनि ठेक्का रद्द गर्ने अनुरोध भई आएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ ग बमोजिम दुवै पक्षको सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्ने मलेप प्रतिवेदन अनुसारमहतोको महतोको बैंक ग्यारेन्टी तान्ने र धरौटी जफत गर्ने भनि मिति २०८१/०१/१३ गतेको गाउँकार्यपालिकाको बैठकमा निर्णय भएको । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ बमोजिम सार्वजनिक निकायले सार्वजनिक हित हुने भएमा र सम्वन्धित निर्माण व्यवसायीले सम्झौता बमोजिमको काम नगरेको अवस्थामा खरिद सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था रहेको हुँदा यस कार्यालयको आ.व. २०८०/०८१ को म.लेप. प्रतिवेदनले कार्य सम्पादन बापतको जमानत रु.४०,०८,८७६/०० रहेको अवस्थामा कार्य सम्पादन जमानत जफत गर्नुपर्ने भनि उल्लेख गरेकोले निज ठेकेदार कम्पनीको कार्य सम्पादन जमानत रकमरु.४०,०८,८७६/०० जफत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.१३ः- डकुमेन्ट्री निर्माण गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१३ः-**प्रस्ताव नं. १३ माथि छलफल हुँदा यस गाउँपालिका अन्तर्गत रहेका रानाा थारु तथा चौधरी थारुको भेषभूषा, रहनसहन, कला, संस्कृती झल्कने डकुमेन्ट्री निर्माण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.१४ः- DPR निर्माण गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१४ः-**प्रस्ताव नं. १४ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिका वडा नं. ५ ईमलियादेखि वडा नं. ४ जोडने पुरानो चौधर नदीमा चौधर नदीको गन्धानालाको DPR निर्माण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.१५ः- कार्यविधि संशोधन गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१५-**प्रस्ताव नं. १५ माथि छलफल हुँदा यस बेलडाँडी गाउँपालिकाको देहायको कार्यविधि संशोधन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहायः-

बेलडाँडी गाउँपालिकाको सवारीसाधन संचालन सम्बन्धी कार्यविधि,